मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थलङ, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको उपस्थिति तथा निर्णय

बैठक मिति: २०७९/०८/१५ बैठक सङ्ख्या: ६

वैठक प्रारम्भ समय: ११:०० बजे अपरान्ह बैठक समापन समय: ०३:०० बजे अपरान्ह

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| 1. | श्री भक्त बहादुर कार्की | अध्यक्ष | | |
| 2. | श्री डण्डु लामा शेर्पा | उपाध्यक्ष | | |
| 3. | श्री ललित नारायण यादव | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| 4. | श्री राम कुमार लिम्बु | वडाअध्यक्ष | | |
| 5. | श्री झरेन्द्र प्रसाद थापा | वडाअध्यक्ष | | |
| 6. | श्री मचिन्द्र कुमार लिम्बु | वडाअध्यक्ष | | |
| 7. | श्री सदन कुमार लिम्बु | वडाअध्यक्ष | | |
| 8. | श्री ग्यान्जे शेर्पा | वडाअध्यक्ष | | |
| 9. | श्री फुपुलामु शेर्पा | सदस्य | | |
| 10. | श्री सरिता गहते | सदस्य | | |
| 11. | श्री लछीमाया विश्वकर्मा | सदस्य | | |
| 12. | श्री सलिना बराईली | सदस्य | | |
| 13. | श्री मदन कुमार विक | सदस्य | | |

अन्य उपस्थिति:

| | | | | |
|---|---|---|---|---|
| १ | श्री गजेन्द्र थलङ | योजना शाखा प्रमुख | | |
| २ | श्री विमल कुमार यक्सो | वडा-सचिव | | |
| ३ | श्री केशव शरण अधिकारी | शिक्षा शाखा प्रमुख | | |
| ४ | श्री प्रशान्त खतिवडा | लेखा शाखा प्रमुख | | |
| ५ | श्री सुमन गिरी | सूचना प्रविधि अधिकृत | | |
| ६ | श्री घनेन्द्र थापा | निजि सचिव | | |

**आ.व. २०७८/७९ को लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन माथि लेखा समितिले छलफल गरी गाउँसभाको चौधौ परिषदमा निम्न अनुसारको निर्णयहरु अनुमोदनको लागि पेश गर्ने निर्णय पारित गरियो ।**

**निर्णय नं. १,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन- आ.व. २०७८/०७९ को दफा ३२.२ मा उल्लेख भएको नगदी रसिद सम्बन्धमा वडा नं. १,२,३ र ४ नगदी रसिदबाट भएको आम्दानी बैंक दाखिला भौचर सम्बन्धमा यस समितिले विस्तृत अध्ययन गर्दा बैंक दाखिला रकम बराबरको बैंक दाखिला रकम रु. ४,९३,८९०।– बराबरको नगदी रसिद दैनिक आम्दानी किताब पेश भएकोले बेरुजु फर्छ्यौट ।

**निर्णय नं. २,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ३७ मा फुसको छाना विस्थापन सम्बन्धमा रु. ३,००,०००।– अनियमित देखिएको भन्ने सम्बन्धमा छलफल गरी अध्ययन गर्दा प्राविधिक कार्य सम्पन्न रु. २३,६०,६६१ बराबरको काम भएको पाईएकोले उक्त रकम बढी खर्च नभई प्राविधिक कार्य सम्पादन बराबर भएकोले बेरुजु फर्छ्यौट ।

**निर्णय नं. ३,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ३८ को औषधी खरिद सम्बन्धमा जिन्सी दाखिला प्रमाण पेश हुनुपर्ने रु. २४,५०,०००।– सम्बन्धमा छलफल गर्दा उक्त रकम बराबरको जिन्सी दाखिला प्रमाण भएकोले बेरुजु फर्छ्यौट।

**निर्णय नं. ४,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ३९ को शोकिय सचिवको तलब/भत्ता रु. ३,१९,३२०।– सम्बन्धमा व्यापक छलफल गरि बेरुजु फर्छ्यौट।

**निर्णय नं. ५,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ४० को कर्मचारी प्रोत्साहन भत्ता रु. ९,९०,०००।– सम्बन्धमा व्यापक छलफल गर्दा बेरुजु फर्छ्यौट ।

**निर्णय नं. ६,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ४३ को समानीकरण अनुदानबाट निजी शिक्षकको तलब/भत्ता रु. १,०२,२२,०१४।– सम्बन्धमा छलफल गर्दा आगामी दिनमा यस गाउँपालिकाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी एक पटकलाई बेरुजु फर्छ्यौट ।

**निर्णय नं. ७,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ४५ मा कार्यसम्पादनमा आधारित र उत्कृष्ट शिकाई अनुदान रु. ३,५०,०००।– सम्बन्धमा व्यापक छलफल गर्दा कार्यविधि र मापदण्ड बमोजिमको प्रस्ताब माग गरि उत्कृष्ट विद्यालय छनौटको प्रमाण पेश भएको तथा प्रस्तावना अनुसार काम सम्पन्न भएको पाईएकोले बेरुजु फर्छ्यौट ।

**निर्णय नं. ८,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ४६ को अनुगमन तथा कार्यसम्पन्न प्रतिवेदन रु. १३,००,०००।– सम्बन्धमा छलफल गर्दा उल्लेख भएका विद्यालय पञ्चेश्वरी मा.वि. र सावा मा.वि.मा निर्धारित मापदण्ड प्रकृया अनुरुप कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गरिएको पाईएकोले बेरुजु फर्छ्यौट।

**निर्णय नं. ९,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ४९ मा पाठ्यपुस्तक अनुदान रु. ११,३२,३०४।- सम्बन्धमा छलफल गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार IEMIS मा प्रविष्ट विद्यार्थी संख्याको यकिन गरि पहिलो पटक ७५% अनुदान दिई पाठ्यपुस्तक विद्यार्थीलाई वितरण गरि अपुग भएको पाठ्यपुस्तक वापतको २५% रकम नबढ्ने गरी विद्यालयलाई अनुदान दिईएको पाईएकोले बेरुजु फर्छ्यौट।

**निर्णय नं. १०,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ५० मा इन्टरनेट व्यवस्थापन रु. ७२,०००।- सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकामा सञ्चालनमा रहेका इन्टरनेट जडान गरिएको र जडान गर्न सम्भव देखिएको ६ वटा विद्यालयमा जडान भएको र सञ्चालनमा रहेको पाईएकोले उक्त खर्च यकिन गरि बेरुजु फर्छ्यौट।

**निर्णय नं. ११,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ५१ मा सेनेटरी प्याड रु. ५,३९,२८१।- सम्बन्धमा छलफल गर्दा सम्बन्धित विद्यालयको छात्राहरुलाई वितरण भएको यकिन गरि आगामी दिनमा विद्यालय छात्राहरुको नामनामेसी स्पष्ट खुल्ने गरी वितरण गरको अभिलेख राख्ने निर्देशन दिदै बेरुजु फर्छ्यौट।

**निर्णय नं. १२,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ५२ मा राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम रु. ६०,५०,०००।- सम्बन्धमा छलफल गर्दा पञ्चेश्वरी मावि लिवाङमा परेको आईसिटि ल्याव अन्तर्गत रु. ६,५०,०००।– को काम सम्पन्न भएको साथै भौतिक निर्माण तर्फको शिक्षा तथा मानव श्रोत विकास केन्द्रको मिति २०७९/०३/१७ को प्राप्त पत्र अनुसार सम्बन्धित विद्यालयलाई लेखापरीक्षण प्रतिवेदन सामाजिक परीक्षण लगायतको कार्यको लागि जवाफदेहि बनाउदै कार्यसम्पन्नको आधारमा रकम फुकुवा गरिदै गएको र कार्यसम्पन्न गराउन पहल गरिएकोले बेरुजु फर्छ्यौट।

**निर्णय नं. १३,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ५५ मा सफ्टवेयर खरिद रु. १०,००,०००।- सम्बन्धमा छलफल गर्दा गाउँपालिकाले एकिकृत सूचना तथा सेवा व्यवस्थापन प्रणाली निर्माण गर्न इन्कुवेशन रिसर्च सेन्टर लाई भुक्तानी भएको रकम बराबर सूचना प्रविधि प्रणाली निर्देशिका बमोजिम प्रमाणीकरणको प्रमाण पेश भएको र टि.ओ.आर. र लागत अनुमान र सफ्टवेयर जडानको आधार पेश भएकोले बेरुजु फर्छ्यौट।

**निर्णय नं. १४,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ५८ मा जडान तथा नापजाच रु. १२,१९,८९१।- सम्बन्धमा छलफल गर्दा उल्लखित जडान तथा नापजाँच भएको प्रमाण पेश भएकोले बेरुजु फर्छ्यौट।

**निर्णय नं. १५,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ६० मा अनुदान रु. २०,००,०००।- सम्बन्धमा छलफल गर्दा इन्टरनेट व्यवस्थापनको लागि स्माटलिंक प्रा.लि.लाई अनुदान बराबरको लक्ष्य अनुसार निर्धारित कार्य भए नभएको तथा कानुन बमोजिम लेखापरीक्षण भए नभएको सम्बन्धमा अनुगमन गरि अनुगमन प्रतिवेदन पेश भएकोले बेरुजु फर्छ्यौट।

**निर्णय नं. १६,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ६१ मा लागत अनुमान रु. १३,००,०००।- सम्बन्धमा छलफल गर्दा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५ (१) मा व्यवस्था भए अनुसार खरिद लागतको अनुगमन तयार गरि स्विकृत गर्ने गरि बेरुजु फर्छ्यौट।

**निर्णय नं. १७,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ६२ मा कोभिड भत्ता रु. १,०२,०००।- सम्बन्धमा छलफल गर्दा पिसिआर तथा आरडिटि परिक्षण लगायतका कार्यक्रम संचालन गर्न खटेका स्वास्थ्यकर्मीहरु लाई प्रोत्साहन वापत भुक्तानी गर्दाको विवरण सम्बन्धि प्रमाण पेश भएकोले बेरुजु फर्छ्यौट।

**निर्णय नं. १८,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ६३.२ मा वडा सचिव भिम बहादुर विश्वकर्मालाई दिईएको खानाखाजा वापतको रु. ८६,६००।- बराबरको खर्च पुष्टी गर्ने कागजात पेश भएकोले बेरुजु फर्छ्यौट ।

**निर्णय नं. १९,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ६३.३ मा अनियमित बेरुजु रु. २३,६१,९०९।- सम्बन्धमा छलफल गर्दा सम्बन्धित पक्षबाट पोषण कार्यक्रम अन्तर्गत ललित नारायण यादव, एमआईएस अपरेटर मिङमा शेर्पा, पञ्चेश्वरी मा.वि. भवन निर्माण, थलङ खेलमैदान निर्माण र इन्टरनेट जडान कार्यक्रम अन्तर्गतको खर्चहरु पुष्टी गर्ने कागजातको आधारमा बेरुजु फर्छ्यौट।

**निर्णय नं. २०,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ६३.४ मा उल्लेखित अनियमित भुक्तानी रु. ९,६०,०००।- सम्बन्धमा छलफल गर्दा ग्यासि पेम्बा बाटो मर्मत कार्य उपभोक्ता समिति, केराबारी सिचाई कार्यक्रम उस, वडाकार्यालय मर्मत उस, बारुमा खानेपानी कार्यक्रम उस, मालबासे कुलो मर्मत उस, पदाङ सिम्बुक बाटो मर्मत उस, पञ्चेश्वरी मावि उस, थुम्बाखोला गैडेबाट चकारो गाउँ आउने कुलो मर्मत उस, ओडदीछोलिङ गुम्बा मर्मत उस, वैराखु सामुदायिक भवन छानो मर्मत उस, छेरेक्मा काठेपुल मर्मत कार्य उसलाई भुक्तानी दिदा उसको अध्यक्ष मार्फत दिईएकोमा आगामी दिनहरुमा उसको अध्यक्ष मार्फत नदिइ उसको बैकखाता मार्फत भुक्तानी दिने गरि बेरुजु फर्छ्यौट।

**निर्णय नं. २१,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ६४ मा अनुगमन प्रतिवेदन रु. ५४,६९,३००।- सम्बन्धमा छलफल गर्दा सम्बन्धित पक्ष ताङखु वहुउद्देश्यिय कृषि तथा पशु फर्म, मेहेलबोटे बजाफुक ओखरवोटे अलैचि पकेट संचालक समिति, नविन कृषक समूह, हान्द्रुङ सहकारी कृषक समूह, बहुउद्दश्यिय बाख्रापालन कृषक समूह र तोक्पेगोला याकपालन फर्म बाट स्वास्थ्य परिक्षण विमा र अनुगमन प्रतिवेदन पेश भएकोले बेरुजु फर्छ्यौट।

**निर्णय नं. २२,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ६५.१ मा सामाजिक सुरक्षा भत्ता सम्बन्धमा छलफल गर्दा रु. ७३,१२,२२९।– रकम बैंक मार्फत नपठाएको भनिएको तर आ.व. २०७८/०७९ को प्रथम किस्ता बैक मार्फत नभई नगदै सम्बन्धित लाभग्राहीलाई वितरण गरिएको र दोश्रो र तेश्रो किस्ता मात्रै बैक मार्फत भुक्तानी गरेको कागजात पेश भएकोले बेरुजु फर्छ्यौट।

**निर्णय नं. २३,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ६५.३ मा दोहोरो नागरिकता रु. २,६९,९३४।- सम्बन्धमा छलफल गर्दा सम्बन्धित लाभग्राहीहरुको नागरिकता झिकाई अध्ययन गर्दा दोहोरो नपरेको पाईएकोले बेरुजु फर्छ्यौट।

**निर्णय नं. २४,** लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन आ.व. २०७८/०७९ को दफा ६५.४ मा दोहोरो बैक खाता रु. ८७,१३२।- सम्बन्धमा छलफल गर्दा लाभग्राहीहरुको लगत अध्यावधिक गर्दा एउटै बैक खाता नम्बर भएको व्यक्तिहरुलाई वितरण गरेको भत्ता रकम सम्बन्धमा दोहोरो भए-नभएको यकिन गर्दा एमआईएस प्रणालीमा दोहोरो भएको नपाईएकोले बेरुजु फर्छ्यौट।

**निर्णय नं. २५,** गाउँपालिका अन्तर्गतको प्रहरी चौकी र जनप्रतिनिधिहरुलाई सवारी साधनको आवश्यकता परेको हुँदा निम्न बमोजिमको सवारी साधनहरु खरिद गर्ने निर्णय पारित गर्दै अनुमोदनको लागि गाउँसभाको चौधौ अधिवेशनमा पेश गर्ने निर्णय पारित गरियो ।

<u>निम्नः</u>

| क्र.सं. | सवारी साधन | थान | प्रयोग गर्ने | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | मोटरसाईकल | ६ | जनप्रतिनिधि/प्रहरी चौकी | ३०००००० | |

**निर्णय नं. २६,** मिति २०७९ मंसिर ०४ गते भएको प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि मतदाता शिक्षा कार्यक्रम संचालन गर्नको लागि गाउँपालिका अन्तर्गत ५ वटै वडामा मतदाता शिक्षा स्वयंम सेवकको लागि पारिश्रमिक, अभिमुखिकरण कार्यक्रम, वैठक तथा अनुगमन भत्ता खर्च रकम पेश गरिएको प्रस्तावनाको आधारमा विविध शिर्षक बाट भुक्तानी गर्ने निर्णय पारित गर्दै अनुमोदनको लागि गाउँसभाको चौधौ अधिवेशनमा पेश गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. २७,** निम्न शिर्षकहरुमा आवश्यक पर्ने रकम थप तथा विनियोजित गर्ने निर्णय पारित गर्दै अनुमोदनको लागि गाउँसभाको चौधौ अधिवेशनमा पेश गर्ने निर्णय पारित गरियो ।

| क्र.सं. | योजना नाम | थप रकम/विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | खोक्लिङ डाँडागाउँ स्ट्रेट लाईट तथा पालिका सोलार खरिद थप साझेदारी | २००००० | |
| २ | खैरेनी कुलो मर्मत | १५०००० | |
| ३ | वैराखु आ.वि. खेलमैदान मर्मत | १५०००० | |
| ४ | साझेदारी | ३५००००० | |
| ५ | न्यायिक समिति कार्यालय व्यवस्थापन | ६००००० | |
| ६ | ईन्टरनेट विस्तार ५ नं. वडा पापुङ थप | ५००००० | |
| ७ | विपद व्यवस्थापन कोष थप | १०००००० | |
| ८ | हाडीखोला मोटरबाटो मर्मत | ३००००० | |
| ९ | ३ नं. वडा कार्यालय भवन मर्मत थप | ४००००० | |
| १० | थलङ खेलमैदान घेरावारा | ३००००० | |
| ११ | पर्तोक खोला बाटो वारवेर | ३००००० | |
| १२ | लाम्साङ खानेपानी निर्माण थप | ३००००० | |
| १३ | थलङ माथिल्लो टोल खेन्जुवा खानेपानी थप | ५०००० | |
| १४ | सौन्दर्य समाजसेवी खेलकुद कार्यक्रम थप | ५०००० | |
| १५ | दलित आवास निर्माण पापुङ | ३००००० | |
| १६ | थलङ माथिल्लो टोल खेन्जुवा खानेपानी थप | ५०००० | |

**निर्णय नं. २८,** गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको वडा छनौट निम्न अनुसार गर्ने निर्णय पारित गरियो ।

| वडा नं. | कार्यक्रमको नाम | कार्यक्रममा सहभागी संख्या | कैफियत |
|---|---|---|---|
| १ र ५ | सामाजिक परिचालन | ७५ जना | |
| | उद्यमशिलता तालिम | | |
| | सिपविकास तालिम | | |

निर्णय नं. २९, गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका २०७७ बमोजिम निम्न अनुसार उद्यम विकास समिति गठन गर्ने निर्णय पारित गरियो ।

निम्नः

| | |
|---|---|
| संयोजकः | भक्त बहादुर कार्की |
| सदस्यः | गजेन्द्र थलङ |
| सदस्यः | ललित नारायण यादव |
| महिला सदस्यः | ज्ञानु घले |
| महिला उद्यमी प्रतिनिधिः | सीता गिरी |
| वित्तिय संस्थामा काम गर्नेः | घनेन्द्र थापा |
| सदस्य सचिवः | ऋषीराज शर्मा |

निर्णय नं. ३०, आ.व. २०७९/८० को गाउँसभाको तेह्रौ परिषद बाट विनियोजित भएको निम्न योजनाको शिर्षक परिवर्तन गरि कार्यान्वयन गर्ने निर्णय पारित पारित गर्दै अनुमोदनको लागि गाउँसभाको चौधौ अधिवेशनमा पेश गर्ने निर्णय पारित गरियो ।

निम्नः

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम | शिर्षक परिवर्तित योजना | विनियोजित रकम | |
|---|---|---|---|---|---|
| १ | होम पाईप खरिद | १८००००० | सामुचे होम पाईप खरिद | ९००००० | |
| | | | पालिका होम पाईप खरिद | ९००००० | |
| २ | एम्बुलेन्स खरिद | ५००००० | फुसको छाना विस्थापन कार्यक्रम | ५००००० | |
| ३ | लाम्साङ डाँडा बाटो मर्मत | १००००० | लाम्साङ खानेपानी निर्माण | १००००० | |
| ४ | हाङगुडे सिसिरे कुलो मर्मत | १००००० | अधेरी आ.वि. छाना मर्मत थप | ५०००० | |
| ५ | हाङगुडे सिसिरे कुलो मर्मत | १००००० | हाङगुडे सिसिरे कुलो मर्मत घट | ५०००० | |
| ६ | अपाङग प्रोत्साहन कार्यक्रम | ५०००० | चासोक तङनाम कार्यक्रम | १००००० | मुख्य सडक देखि साँवा मा.वि. जाने बाटो सोलिङ कार्यक्रम बाट ५० हजार । |
| ७ | मुख्य सडक देखि साँवा मा.वि. जाने बाटो सोलिङ | १५०००० | लोहसार पर्व कार्यक्रम | १००००० | |
| ८ | वडाध्यक्ष कप | २००००० | मानाभरा खेलकुद कार्यक्रम | २००००० | |
| ९ | साँवा मा.वि. कार्यलय सामाग्री खरिद | १००००० | साँवा मा.वि. आ.वि. तहका विद्यार्थी झोला, सुईटर, फिल्टर खरिद | १००००० | |

फक्ताङलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थलङ, ताप्लेजुङ १ नं. प्रदेश, नेपाल २०७३

**निर्णय नं. ३१,** आ.व. २०७९/८० को विनियोजित बजेटमा रहेको वालविकास सहजकर्ता क्षमता विकास तालिम श्री पञ्चेश्वरी मा.वि. मिक्वाखोला-०३, लिवाङलाई एच.पि.एफ. संस्था सँग समन्वय तथा साझेदारी गरि संचालन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३२,** एन.सि.डिसी. बाट यस गाउँपालिकामा संचालन गर्ने उर्जा सम्बन्धि कार्यक्रम वडा नं. ४ साँवामा संचालन गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३३,** मिक्वाखोला गाउँपालिका प्रदेश शशर्त अनुदानमा निर्माणाधिकन Construction of multipurpose covered hall contract No. MRMTT/NCB/WORKS/No. 3/078/79 को भवन निर्माणको क्रममा Wall को हाईट २३ फिट ७ मि. मात्र भई होचो भएको हुँदा यसलाई २६ फिट ४ ईन्च वा ८ मि. बनाउने र यसका लागि डिजाईन संशोधन गरी VO गर्ने निर्णय गरियो साथै उक्त भवन निर्माणको लागि ठेक्का सम्झौता भएको रु. २१४९४२८२।३९ मध्ये रु. २००००००।– मात्र श्रोत सुनिस्चित भएको हुँदा अपुग रकम मध्य मेवा जलविद्युत आयोजनाको सामाजिक उत्तरदायित्वबाट प्राप्त भई गत/विगत आ.व. मा निर्णय भए बमोजिम नै जम्मा रु. २६ लाख मध्ये ल.ई. र संझौता बमोजिम उक्त भवनको लागि वजेट खर्च गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३४,** मिक्वाखोला गाउँपालिका कार्यालयमा कार्यरत कर्मचारिको प्रयोजनको लागि गत आ.व.मा कर्मचारी कल्याणकोषमा विनियोजन भएको तर बैक खाता नखोलिएको हुँदा गत आ.व.मा रकम जम्मा हुन नसकेकोले चालु आ.व. २०७९/८० मा सेन्चुरी कमर्सियल बैक मिक्वाखोला शाखामा कर्मचारी कल्याण कोष खाता स्थापना भई सकेको हुँदा गत आ.व.मा विनियोजित रकम र चालु आ.व. २०७९/८० मा विनियोजित स्विकृत रकम खातामा एकमुष्ट जम्मा गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३५,** मिक्वाखोला गाउँपालिका कार्यालयमा आवश्यक चार पाङग्रे सवारी चालक यसै गाउँपालिका वडा नं. ०२ खोक्लिङ निवासी श्री राजेन्द्र थापा र आवश्यकता अनुसार पालिका प्रहरी नियुक्ति गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३६,** मिक्वाखोला गाउँपालिका वडा नं. २ को वडा कार्यालय भवन ठेक्का नं. MRMTT/NCB/WORKS/BUILDING/078/079-01 को निर्माणको लागि मिति २०७८/१०/०६ मा गाउँपालिकाको कार्यालय र एन.एस.कन्स्ट्रक्सन मिक्वाखोला-०५ पापुङ बिच सम्झौता भए बमोजिम जम्मा रु. ११११०१३०।७६ मा निर्माण कार्य सम्पन्न हुने भएता पनि गाउँपालिकाको कार्यालयले चालु आ.व. ०७९/८० मा अपुग रकम विनियोजन गरेको हुँदा अपुग रकम रु. ४००००००।– (चालिस लाख) रकम जिल्ला समन्वय ताप्लेजुङमा माग गर्ने र साझेदारीमा संचालन गरी संझौता बमोजिम उक्त निर्माण कार्य सम्पन्न गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ३७,** मिक्वाखोला गाउँपालिका वडा नं. २ खोक्लिङमा वडा सचिव रिक्त रहेकोले गर्दा यस गाउँपालिकामा सहायक चौथो पदमा कार्यरत कर्मचारी श्री मान बहादुर पालुङवा लाई अर्को व्यवस्था नभए

सम्मको लागि वडा सचिव पदमा खटाउने साथै कार्यवोझलाई मध्यनजर गर्दै निज कर्मचारीलाई मासिक रुपमा रु. १०,०००।– (दश हजार) प्रोत्साहन भत्ता स्वरुप दिने निर्णय पारित गरियो ।

**निर्णय नं. ३८,** यस गाउँपालिका भित्रका उपभोक्ता/सरोकारवाला सेवाग्राहीको सहजकर्ताको लागि उचित दरबन्दी निर्धारण गरी हेल्पडेक्स स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९,** यस मिक्वाखोला गाउँपालिकाको सबै खाले खाले खाता सेन्चुरी बैकमा सार्ने र उक्त कार्य तदारुकताका साथ चाडै संचालन गर्न सम्बन्धित निकायमा माग तथा पहल गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं. ४०,** यस पालिकाको गौरवका निर्माणाधिन योजनाहरु प्रशासकीय भवन अस्पताल, सामुदायिक भवन हरुका ठेकेदार निर्माण व्यवसायीहरुलाई चाँडो कार्य सम्पन्न गर्न अनुगमन कार्यलाई अगाडी बढाई पहल गर्ने निर्णय पारित गरियो ।

*आजको वैठक यहि अन्त्य गरियो ।*